

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ३० गते मंगलबार ❑ 15 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## कागबेनीमा बाढीले २९ घरमा पूर्ण क्षति

**रासस**
म्याग्दी, २९ साउन

मुस्ताङका बारागुङ मुक्ति क्षेत्र गाउँपालिका-४ कागबेनीको बाढीले पुर्‍याएको भौतिक संरचनाको प्रारम्भिक विवरण सङ्कलन र प्रभावितको व्यवस्थापन गरिएको छ।



जिल्ला विपद् व्यवस्थापन समिति, प्रशासन कार्यालय, सुरक्षा निकाय र गाउँपालिकाले आइतबार राति आएको बाढीले पुर्‍याएको भौतिक संरचनाको क्षति विवरण सङ्कलन र घरवास गुमाएकालाई सुरक्षित ठाउँमा व्यवस्थापन गरेका हुन्।

गाउँपालिकाका अध्यक्ष रिनजिङ गुरुङले २९ वटा घर र नौ वटा गोठमा बाढीले पूर्णरूपमा क्षति गरेको जानकारी दिनुभयो। "पूर्ण क्षति भएको घर बाढीले बगाउने र लडाउने गरेको छ । बस्नै नमिल्ने बनाएको छ", उहाँले भन्नुभयो, "१३ वटा घरभित्र बाढी पसेर आंशिक क्षति गरेको छ । गोठका गाईवस्तु बाढीमा पुरिएका छन् ।" गाउँपालिकाको केन्द्र र धार्मिकस्थल रहेको कागबेनीमा तिरिखोला थुनिएर कागखोलामा आएको बाढी आइतबार राति ८ बजेको समयमा बस्तीभित्र पसेको थियो । पूर्वसूचना पाएका कारण स्थानीयवासीले भागेर ज्यान बचाए पनि ठूलो धनमालको नोक्सानी भएको अध्यक्ष गुरुङले बताउनुभयो । गाउँको बीच भाग भएर बस्ने कागखोलामा मान्छे र मोटरसाइकल वारपार गर्न बनाइएको तीन वटा पक्की, एउटा झोलुङ्गे र एउटा काठको पुल ध्वस्त बनाएको छ । जोमसोम-कोरला सडकअन्तर्गत कागखोलामा निर्माणाधीन मोटरेबल पुलको स्पाम बगाउँदा उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकासँग यातायात सम्पर्क विच्छेद भएको छ। कागबेनी प्रहरी चौकी, वडा कार्यालय, धर्मशाला, श्रद्धास्थल, एउटा गुम्बा, एउटा मन्दिर, आमा समूहको स्नान गृहसहित र मिलन युवा क्लबको भवन, दुई तले हटरुम भवन पूर्णरूपमा क्षति भएको छ। गुम्बा नजिकै राखिएका दुई गाडी, ३० वटा स्कुटर र मोटरसाइकल बाढीले पुरेको र बगाएको अध्यक्ष गुरुङले बताउनुभयो । नेपाल इन्भेष्टमेन्ट, मेघा र प्रभु बैंक लिमिटेडको कार्यालय भएको भवनमा पनि बाढी पसेर क्षति पुगेको छ। बैंक भएको घरको सुरक्षाका लागि प्रहरी खटाइएको जिल्ला प्रशासन कार्यालले जनाएको छ। सामुदायिक भवन र जनशान्ति माविको भवनमा आंशिक क्षति भएको छ । कक्षा कोठा, खेलमैदानमा बाढी थुप्रिएकाले पठनपाठन सञ्चालन गर्न सक्ने अवस्था नरहेको जनशान्ति माविका शिक्षक मनविर किसानले बताउनुभयो।

कागबेनीमा विद्युत् अवरुद्ध र खानेपानीको अभाव भएको छ । नदी कटान नियन्त्रण गर्न बनाइएको पक्की संरचना र ग्याबियन पर्खाल बाढीले बगाएको छ। प्रमुख जिल्ला अधिकारी अनुप केसीले बाढीले गरेको क्षतिको विवरण सङ्कलनका साथै घरवास गुमाएकालाई आफन्त कहाँ, गाउँपालिका कार्यालय र सामुदायिक भवनमा बसोबासको व्यवस्था मिलाइएको जानकारी दिनुभयो। भवन बाढीले क्षति गरेपछि कागबेनी प्रहरी चौकीको कार्यालय


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कागबेनीमा गण्डकी प्रदेशले सहयोग पठाउँदै, नागरिकको सुरक्षा पहिलो प्राथमिकता : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुस्ताङको बारागुङ मुक्ति क्षेत्र कागबेनीमा भेलबाढीबाट बिस्थापित, प्रभावित नागरिकलाई तत्काल सहयोग पठाउने निर्णय गरेका छन् ।

उनीहरुको उद्धार, उपचार, राहत र पुनस्थापनाको काम प्रदेश सरकारले सुरु गरेको बताउँदै उनले सरकारी, गैरसरकारी संघ संस्था, सुरक्षा निकाय, नागरिक समाज सबैलाई नागरिकको सुरक्षामा केन्द्रित हुन अनुरोध गरे ।

गएरातीको बाढीले कागबेनी क्षेत्रका घरहरु बगाउँदा सर्वसाधारण बिस्थापित भएपछि दैनिकि असहज बनेको भन्दै मुख्यमन्त्री पाण्डेले सोमवार बिहान प्रदेश विपद् ब्यवस्थापन कार्यकारी समितिको अकस्मिक बैठक राखेका थिए । मुख्यमन्त्री पाण्डेको अध्यक्षतामा बसेको उक्त बैठकले राहत ब्यवस्थापन र बाढीबाट भत्किएको संरचना ब्यवस्थित गर्न मेसिन उपकरण तथा सवारी साधनकालागि मुस्ताङमा इन्धन अभाव भएपछि ३ हजार लिटर डिजेल म्याग्दीबाट तत्काल पठाउने निर्णय गरेको छ । जिल्ला विपद् ब्यवस्थापन




समिति मुस्ताङबाट माग भई आए अनुसार प्रदेश सरकारले टेन्ट, त्रिपाल, ब्ल्याङकेट पठाउने, बाढी पहिरो क्षेत्रमा हुन सक्ने खानेपानी आपूर्ति, स्वास्थ्य सेवा, खाद्यान्न आपूर्ति, यातायात ब्यवस्थापन, कृषि र पशुजन्य क्षति ब्यवस्थापन, भूसंरक्षण लगायतका कार्यहरुमा गण्डकी प्रदेश सरकारका संम्बन्धित मन्त्रालयहरुबाट आवश्यक समन्वय, श्रोत साधनको परिचालन र सहजीकरण गर्न बैठकले निर्देशन गरेको छ।

मौसम प्रतिकुल भएकाले हेलिकप्टरबाट कागबेनीमा राहत पठाउन समस्या भएपछि तत्कालकालागि ट्र्याक्टरबाट इन्धन, कम्बल, टेन्ट लगायतका सामग्री पठाउने निर्णय बैठकले गरेको हो । लगातार वर्षात हुँदा बाढी, पहिरोबाट पुगेको क्षतीका बारेमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग मुख्यमन्त्री पाण्डेले जानकारी लिएका थिए । सोही क्रममा उनले प्रदेश सरकारले जिल्ला प्रशासन कार्यालय मार्फत पठाएको बिपद् ब्यवस्थापन कोषको रकम खर्च गरेर बिपद् का विषयमा सर्वसाधारण नागरिकलाई परेको समस्या छिटो समाधान गर्ने गरि अघि बढ्न निर्देशन दिए। थप सहयोग आवस्यक परेमा प्रदेश सरकार तयार रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले सुरक्षा निकाय सहित जिल्ला स्थित प्रदेश मातहतका कार्यालयलाई पनि तयारी अवस्थामा रहन निर्देशन दिए।

## सत्तारूढ दलका शीर्ष नेताको निष्कर्ष : उच्चस्तरीय छानबिन आयोग आवश्यक छैन

**रासस**
काठमाडौं, २९ साउन

सत्तारूढ दलका शीर्ष नेताबीचको बैठकले सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय छानबिन आयोगको आवश्यकता नभएको निष्कर्ष निकालेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ दलका शीर्ष नेताबीचको आजको बैठकमा समसामायिक राजनीतिको विषयमा छलफल भएको थियो । छलफलका क्रममा सदनको अवरोध हटाउने विषयमा प्रमुख प्रतिपक्ष नेकपा (एमाले) को मागअनुसार सुन तस्करी प्रकरणका विषयमा उच्चस्तरीय छानबिन आयोग गठन गर्न आवश्यक नभएको निष्कर्ष निस्केको हो । नेपाली कांग्रेसका नेता एवं प्रमुख सचेतक रमेश लेखकले सुन तस्करी प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले छानबिन गरिरहेको भन्दै उच्चस्तरीय छानबिन आयोगको गठनले सीआइबीको कामलाई अवरोध गर्ने र मुद्दालाई 'डाईभर्ट' गर्न सक्ने बताउनुभयो। उहाँले बैठकबारे जानकारी दिँदै भन्नुभयो, "आजको छलफलमा उच्चस्तरीय छानबिन आयोगको माग गर्नु भनेको अहिले भइरहेको छानबिनलाई अवरोध गर्नु र यो मुद्दालाई डाइभर्ट गर्नु हो भन्ने निष्कर्ष निकालेको छ ।" उहाँले पूर्वसभामुख एवं नेकपा (माओवादी केन्द्र) का प्रवक्ता कृष्णबहादुर महराको सुन प्रकरणमा संलग्नताबारे छानबिन भइरहेकोसमेत जानकारी दिनुभयो । "यो भन्दाअघिको सुन प्रकरणमा हाम्रो पूर्वसभामुखज्यूको नाम पनि जोडिएको छ", उहाँले भन्नुभयो, "उहाँको संलग्नता कति हो ? फोन सम्पर्क मात्रले संलग्नता जनाउँछ भन्ने प्रमाणित गर्न सकिन्न, छलफलमा यो प्रश्न गृहमन्त्रीसँग राख्दा छानबिन भइरहेको जानकारी दिनुभयो । गृहमन्त्रीले छानबिनको प्रक्रिया एक हदमा पुगेपछि मात्र बताउन सक्ने बताउनुभयो ।" प्रमुख सचेतक लेखकका अनुसार बैठकमा गौर हत्याकाण्ड र ललिता निवास जग्गा प्रकरणको विषयमा पनि छलफल भयो। गौर हत्याकाण्डको विषयमा फरक फरक प्रतिवेदनले फरक फरक परिणाम देखाएको भन्दै उक्त घटनाका विषयमा सरकारले कानूनसम्मत ढङ्गले टुङ्गो लगाउनुपर्ने छलफल भएको बताउनुभयो।

बैठकमा ललिता निवास जग्गा प्रकरणका विषयमा व्यापक छलफल भएको जानकारी दिँदै उहाँले छिट्टै नै सत्यतथ्य बाहिर ल्याउनेसमेत बताउनुभयो । उहाँले भन्नुभयो, "ललिता निवास जग्गा प्रकरणका विषयमा विशेषगरी नीतिगत निर्णयमा अदालतको फैसला उचित हो कि होइन भन्नेबारे व्यापक छलफल भयो। छलफलको क्रम अझै टुङ्गिएको छैन । यो विषयले अझै छलफलको माग गर्छ ।" बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरलगायतका नेता र संसदीय दलका सचेतकहरू सहभागी हुनुहुन्थ्यो।

## महिनादिनमै उप्कियो पोखराको कालोपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा महानगरपालिका-९ सहारटोलमा गत असारको आखिरीतिर हतारहतार गरिएको कालोपत्र महिनादिनमै उप्किएको छ । पृथ्वीराजमार्गबाट ट्राफिक कार्यालयहुँदै नयाँ बजार निस्कने सडक भत्कन सुरु गरेको हो ।

कालोपत्र उप्किएपछि ठाउँ-ठाउँमा खाल्डाखुल्डी परेका छन् । स्थानीय बेलकुमारी रानाभाटले कालोपत्र भत्केपछि सवारी र पैदल यात्रुलाई आउजाउ गर्न असहज भएको बताउनुभयो । "एक महिना पनि कालोपत्र टिकेन, खाल्डाखुल्डी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१


## युवा उद्यमी मञ्च पोखराद्वारा अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा अन्तर्क्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

अगस्ट १२ तारिख अर्थात अन्तर्राष्ट्रिय युवा दिवस। विश्वभर जस्तै नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाईएको छ।

दिवसको अवसर पारेर पोखरामा नेपाली युवा उद्यमी मञ्च (एनवाईईएफ पोखरा) ले पोखराका युवा उद्यमीहरु तथा विभिन्न छात्र, छात्रासँग अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । मञ्चले उनीहरुसँग नेपालमा युवा उद्यमीले व्यवसायमा भोग्नुपरेको चुनौती र अवसरहरूका बारेमा अन्तक्रिया गरेका हुन्।




व्यक्ति, परिवार, समुदाय, राष्ट्र अनि सिङ्गो विश्वकै विकासमा युवाहरूको भूमिकाको महत्वलाई दर्शाउन हरेक वर्ष संसारभर अन्तर्राष्ट्रिय युवा दिवस मनाईने गरिन्छ। यो दिवसले अन्तर्राष्ट्रिय जगतलाई सकारात्मक दिशातर्फ लैजान युवा सहभागितालाई थप सक्रिय गर्ने नवप्रवर्तनात्मक उपाय तथा हुनसक्ने परिवर्तनलाई पनि उजागर गर्ने गर्छ । अन्तर्राष्ट्रिय युवा दिवसले यो वर्ष खाद्यान्न प्रणालीको रुपान्तरण र समग्र पृथ्वीको संरक्षणमा युवाहरूको सीप र कौशललाई महत्व दिएको छ । कार्यक्रममा एनवाईईएफ पोखराका अध्यक्ष निरन केसीले मञ्च द्वन्दकालीन अवस्थामा युवा व्यवसायीहरु पलायन भईरहँदा त्यसलाई रोक्नका लागि स्थापना भएको बताए। उनले युवा उद्यमी मञ्चले विशेषगरी युवाहरुलाई लक्षित गरेर उनीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रकारका कार्यक्रमहरुको आयोजना गर्ने गरेको बताए। साथै उनले मञ्चले युवा उद्यमीहरूलाई एक्यबद्ध बनाएर देशको अर्थतन्त्र र नीतिहरूमा परिवर्तन ल्याउन सहयोग गर्दै आएको बताए।

कार्यक्रममा युवा युद्यमी मञ्चका पुर्व केन्द्रिय अध्यक्ष तथा पालिखे ब्रदर्शका प्रबन्ध निर्देशक प्रकाश देव पालिखे, केसी ग्रुपका प्रबन्ध निर्देशक किरण केसी, विग स्प्लास वाटर पार्कका प्रबन्ध निर्देशक अमित राज मुल्मी तथा मिडटाउन ग्यालरीयाका प्रबन्ध निर्देशक निकेश द्वासँग अन्तक्रिया गरीएको थियो । अन्तक्रियामा मध्यस्थकर्ताका रुपमा गुरुकुल स्कुलका प्रीन्सिपल तथा स्वका'न इंटरनेशनल हस्पिटलका निर्देशक मिलन केसीले गरेका थिए।

अन्तर्क्रियामा उनीहरुले सरकारले बर्सेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने गरे पनि युवाका मुद्दा कार्यान्वयनमा भने जहिल्यै समस्या देखिने गरेको बताएका छन्। युवा लक्षित गरी ल्याइएका विभिन्न कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृत रूपमा सम्बोधन हुन नसकेको उनीहरूको गुनासो छ।

# देशभर ८७ प्रतिशत भूभागमा धान रोपाइँ

**रासस**
काठमाडौं, २९ साउन

मुलुकभर ८७ प्रतिशत भूभागमा रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

कृषि विभागबाट प्रदेश सरकारसँगको समन्वयमा तयार गरिएको साउन २६ गते सम्मको तथ्याङ्कअनुसार हालसम्म १४ लाख ८८ हजार ४९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको मन्त्रालयका प्रवक्ता शवनम शिवाकोटीले जानकारी दिनुभयो। गत वर्ष यही समयमा देशभर ९४ प्रतिशत धान रोपाइँ सकिएको थियो। विशेषगरी मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मनसुन सुरु हुन ढिलो भएका कारण रोपाइँमा कमी देखिएको उहाँले सुनाउनुभयो। बिस्तारै मनसुन सक्रिय भइरहेको तथा रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै गएको छ।

मध्य तराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेको छ। साउन मसान्त सम्ममा ९२-९५ प्रतिशतसम्म रोपाइँ हुने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ। कोशी प्रदेशमा यस वर्ष अहिलेसम्म ९४ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ। सो प्रदेशमा गत वर्ष यही समयमा ९४ प्रतिशत भूभागमा नै धान रोपाइँ सम्पन्न भएको थियो। मधेस प्रदेशमा हालसम्म ६८ प्रतिशत भूभागमा मात्र धान रोपाइँ सकिएको छ। गत वर्ष यही समयमा सो प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो। बागमती प्रदेशमा हालसम्म ८८ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ। गत वर्ष साउन २६ गतेसम्म बागमती प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो। गण्डकी प्रदेशमा हालसम्म ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ। गत वर्षको साउन २६ गतेसम्म यो प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो। लुम्बिनी प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ। सो प्रदेशमा गत वर्ष यही समयमा ९० प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो।

# गण्डकी प्रदेशसभा बैठक स्थगन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

गण्डकी प्रदेशसभा बैठक मङ्गलबारका लागि सरेको छ। बिजनेस नभएपछि गत बिहीबार डाकिएको बैठक पनि सूचना टाँसेर सोमबारसम्मका लागि स्थगित गरिएको थियो।

प्रदेशसभा सचिवालयले मङ्गलबार दिउँसो १ बजे प्रदेशसभा बैठक बस्ने जानकारी सूचनामार्फत दिएको छ। यसअघि गत बिहीबार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले कार्यसूची नै तय गर्न नसकेपछि बैठक स्थगित भएको थियो। विपक्षी दल नेकपा (एमाले)ले सरकारले प्रदेशसभालाई बिजनेस दिन नसकेको जनाएको थियो। आजको बैठक पनि विशेष कारण देखाउँदै स्थगित गरिएको हो। अब बस्ने बैठकमा विषयगत समिति गठनको विषयले प्रवेश पाउने प्रदेशसभा सचिवालयका कानुन अधिकृत कुमार रिजालले बताउनुभयो।

सरकारले वन विधेयक पनि प्रदेशसभा सचिवालयमा दर्ता गरिसकेकाले आगामी बैठकमा छलफलका लागि पेस हुने जनाइएको। एमालेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र गाईबस्तुमा देखिएको लम्पी स्किन रोगको नियन्त्रणसम्बन्धी जरुरी सार्वजनिक महत्वका दुईटा प्रस्ताव पनि दर्ता गरेको छ। प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको सात महिना बितिसक्दा पनि 'मिनि संसद्' मानिने विषयगत समिति अझै गठन हुन सकेको छैन। प्रदेशसभा नियमावलीको प्रावधानअनुसार प्रदेशसभामा अर्थ तथा विकास, सार्वजनिक लेखा, प्रदेश मामिला तथा कानुन र सामाजिक विकास तथा कृषि समिति गरी चार विषयगत समिति रहने प्रदेशसभा सचिवालयले जनाएको छ। प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूले विषयगत समितिको नेतृत्वमा आ-आफ्नै दाबी अघि सारेका छन्।


## जंगली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

## खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कागबेनीमा...

वारागुङ मुक्ति क्षेत्र गाउँपालिकाको प्रशासकीय भवनमा सारिएको छ। गाउँपालिकाको र अर्को सामुदायिक भवनमा आफन्त कहाँ आश्रय लिन नसक्ने ५० जनालाई व्यवस्थापन गरिएको प्रजिअ केसीले बताउनुभयो। उनीहरूलाई खानेबस्ने व्यवस्था गाउँपालिकाले गरेको छ। साठीभन्दा बढी मजदुरलाई जोमसोममा घरपझोङ गाउँपालिकाले खाने बस्ने व्यवस्था मिलाएर राखेको छ। बस्तीभित्र बाढी पसेर घरहरू हिलाम्मे भएका छन्। बाढीले नभत्काएका घरभित्र पसेको बाढी फालेर सफा गर्नुपर्ने छ। जोमसोमबाट गएको नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले भत्किएका र जोखिममा रहेका घरका सामान निकालेर सुरक्षित ठाउँमा लैजान सहयोग गरेका छन्। नेपाली सेनाले काठको अस्थायी पुल हालेर उपल्लो पैदल हिँडेर खोला वारपार गर्ने व्यवस्था मिलाएको छ। जोमसोम-कागबेनी सडकअन्तर्गत पाण्डाखोलामा आएको बाढीले उद्धार र राहत व्यवस्थापनमा चुनौती सिर्जना गरेको छ। गाउँपालिकाका अध्यक्ष गुरुङले राहत वितरणलाई एकद्वार प्रणाली लागू गर्न मङ्गलबारको विपद् व्यवस्थापन समितिको बैठकमा प्रस्ताव गर्ने बताउनुभयो। मुस्ताङमा शनिबार र आइतबार लगातार पानी परेको थियो। स्थानीयवासीका अनुसार यसअघिको वर्ष मुस्ताङमा यसपालि जस्तो धेरै र ठूलो वर्षा भएको थिएन। बर्सातका कारण मुस्ताङका अन्य खोलामा पनि बाढीको सतह बढेको छ।

# महिनादिनमै...

परेर पानी जमेको छ", उहाँले भन्नुभयो, "यस्तो गुणस्तरहीन काम गर्नेलाई कारबाही गर्नुपर्छ।"

रानाभाटले कालोपत्रको सतह नमिल्दा वर्षातको पानी घरभित्र छिर्ने गरेको सुनाउनुभयो। गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको रु दस लाख बजेटबाट ८० मिटर सडक कालोपत्र गरिएको थियो। पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले सडक कालोपत्र गर्दा प्राविधिक अनुगमन नपुगेको बताउनुभयो। "वर्षाका बेला हतारहतार कालोपत्र गर्दा हुने नै यही हो, असारे विकासको प्रवृत्ति बेठिक छ", उहाँले भन्नुभयो, "निर्माणमा लापरबाही भएको देखिन्छ, यसमा सम्बन्धित मन्त्रालयको ध्यान पुगोस्।" उपभोक्ता समिति बनाएर सडक कालोपत्र गरिएको थियो। निर्माणको भुक्तानी पनि भइसकेको छ। पूर्वाधार विकास कार्यालय कास्कीका सूचना अधिकारी ई अनुप थापाले वर्षाका कारण कालोपत्र सेट हुन नसकेको बताउनुभयो। "निर्माणका क्रममा अनुगमन गर्दा लापरबाही भएको देखिएको थिएन, यो विषयमा उपभोक्ता समिति र निर्माण व्यवसायीलाई राखेर कुरा गर्छौं", उहाँले भन्नुभयो, "कमजोरी गरेको भेटिएका कारबाही प्रक्रिया अगाडि बढ्छ।" ई थापाले वर्षात कम भएपछि सडक मर्मतको काम गरिने बताउनुभयो। उहाँले आर्थिक वर्षको अन्त्यमा हुने विकास निर्माणका काममा गुणस्तरको समस्या देखिने गरेको उल्लेख गर्नुभयो। "समय कम हुन्छ, निर्माण व्यवसायीले पनि हतारहतार काम गर्छन्, प्रभावकारी अनुगमन पनि हुँदैन", ई थापाले भन्नुभयो।

# पोखरामा साउनको अन्तिम (बोल बम) धुमधामका साथ मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



पोखरामा यस बर्ष पनि साउन महिनाको अन्तिम सोमबार बोल बम पर्व धुमधामका साथ भनाइएको छ। शिवका भक्तहरुले पोखराका शिवालय मन्दिरमा यस बर्षको साउन महिनाको ५ वटै सोमबार धुमधामका साथ बोल बम पर्व मनाएका हुन्।

पोखराको बोलबमधामको रुपमा परिचित केदारेश्वर महादेवमणि सेवाश्रम, विन्ध्यवासिनी मन्दिर, पुम्दीकोटको बिशाल महादेवका मुर्ति, सृजनाचोकको पशुपतिनाथ मन्दिर लगायतका शिवालयमा यस बर्ष पनि बोल बम पर्व हसै उल्लाहासका साथ मनाइएको स्थानियले बताउनु भयो। यस बर्षको बोल बम पर्व मनाउन शिवका भक्तहरुको सङ्ख्यामा बृद्धि भएसंगै अत्याधिक भिडभाड भएको सेवाश्रमका एक सदस्य हेमराज पहारीले बताउनु भयो।

अघिल्ला केही बर्ष कोरोनाको कारण बोलबम पर्व मनाउने सख्यामा केही कमी आए पनि यस बर्ष भने उक्त पर्व मनाउन पोखरा पोखरा आसपासका शिवका भक्तजनहरुको उल्लेखनिय सहभागिता रहेको सदस्य पहारीले दाबी गर्नु भयो। यस बर्षको साउन महिनामा ५ वटा सोमबार परेकोले पनि शिवका भक्तजनहरुले आफ्नो मनोकाक्षा पूरा हुने धार्मिक विश्वासका साथ घण्टौं लाइनमा बसेर पनि जल तथा दुध चढाएको उहाँले बताउनु भयो। मन्दिर परिसरमा रहेको एक सय ८ शिवलिङ्मा दुध चढाउने देखि मन्दिरमा दर्शन गर्नेको बिहानै देखि भिडभाड भएको सदस्य पहारीले बताउनु भयो।

साउन महिनाको प्रत्येक सोमबार हुने बोलबम जलयात्रामा यस बर्ष पनि बाजागाजा, भजनकिर्तन, झाँकी सहितको-यालीले पोखरा नगरी परिक्रमा गरिएको बोल बमका अभियान्ता शंकर खरालले बताउनु भयो। भक्तजनले बगरस्थित गाईघाट (सेतीनदी) बाट बिहान जल उठाई पैदलयात्रा गरी केदारेश्वरमा जलार्पण गर्नु भएको उहाँले बताउनु भयो। 'बोलबमको ध्वनीले, शान्ति पाउन् साराले' भन्ने मूलमन्त्रका साथ भएको बोल बम तथा जल यात्रा कार्यक्रमले पोखराको धार्मिक पर्यटनमा महत्वपूर्ण योगदान दिएको खरालले दाबी गर्नु भयो। बोल बम पर्व मनाउन भारतीय देखि विदेशी पर्यटकहरुको समेत सहभागिता हुने गरेको उहाँले बताउनु भयो। साउनमा भगवान् शिवको आराधना गर्दै ज्योर्तिलिङ्गमा गंगाजल र बेलपत्र जस्ता सामग्रीले पूजा गरे मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ।

मन्दिरमा एन.बी. व्यवसायी समितिले निःशुल्क प्रसाद वितरण समेत गरेको थियो भने मन्दिरमा सहभागि शक्तजनाहरुलाई सर्वत पानी समेत वितरण गरिएको थियो। सोमबार साँझ आरती समेत गरिएको थियो। मन्दिरको मुल गेट देखि मन्दिर परिसरको क्षेत्रमा विभिन्न व्यवसायीहरुको खुद्र पसलहरु रहेको थियो। वेलपत्र, गाईको दुध, फलफुल देखि दैनिक उपभोग्य बस्तुहरुको मन्दिर परिसरमा बिक्रि वितरण भएको थियो। पोखराको विन्ध्यवासिनी मन्दिर लगायतका शिलावय मन्दिरहरुमा हरेक साउनको सोमबार भिडभाड भएको थियो।

# बाढीपहिरो पीडितहरूको उद्दार र राहतमा जुट्न एमालेको अपिल

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

केहि दिनदेखि लगातार परेको बर्षाको कारण गण्डकी प्रदेश लगायत देशका विभिन्न ठाउँमा जनजीवन प्रभावित भएको भन्दै तत्काल राहत र उदारका काम खटिन आफ्नो पार्टीको विभिन्न तहका कमिटी र जन बर्गिय संगठन र सरोकारवाला सरकारी निकायहरूलाइ अपिल गरेको छ।

सोमबार प्रदेश कमिटीको तर्फबाट एक अपिल जारी गर्दै सो पार्टिले भारी बर्षा पश्चात् आएको बाढीले गर्दा मुस्ताङ्गको कागवेनी क्षेत्रका दर्जनौं घरहरु क्षतिग्रस्त भएका छन् भने करोडौंको भौतिक सम्पत्ति समेत नष्ट भएको छ। वाढी तथा पहिरोले होटल, बैंक, नीजि घरहरु भत्काउनुका साथै कयौं सवारी साधनहरु बगाएको छ भने लोमान्थाङ्ग जाने कंक्रिट पुल पूर्णरुपले क्षतिग्रस्त हुन पुगेको छ। त्यसैगरी वेनी जोमसोम सडक खण्ड पूर्ण रुपले अबरुद्द हुन पुगेको छ, भने म्याग्दीको वैसरी तथा वेनी दर्वाङ्ग खण्डको फापरखेतमा पहिरो गएर सडक अवरुद्ध हुन पुगेको छ। गोरखामा मदन-आश्रित स्मृति प्रतिष्ठानको भवन रहेको स्थानको माथिल्लो माग पूर्णरुपमा क्षतिग्रस्त हुन पुगेको छ। लमजुङ्गमा मध्यपहाडी लोकमार्गका विभिन्न ठाउँमा गएको पहिरोका कारण आवगमन प्रभावित भएको छ। वेसीशहरबाट मनाङ्ग जाने सडक खरखरे पहिरोका कारण जोखिममा परेको छ। जानकारीमा आएको भन्दै बिज्ञप्तीमा उद्धारका कुनै कसुर बाकी नराख्न आग्रह गरेको छ। सो पार्टिका उप सचिब तथा प्रचार तथा प्रकाशन बिभाग प्रमुख रश्मि आचार्यद्वारा हस्ताक्षरीत अपिलमा मनाङ्गको ताल गाउँ संरक्षणको लागि मर्स्याङ्दी नदीमा लगाएको प्लम्बीङ्गबाल भत्किएको छ। गण्डकी प्रदेश र देशभर बाढी पहिरोले पुऱ्याएको क्षति प्रति नेकपा (एमाले) गण्डकी प्रदेश कमिटी दुःख व्यक्त गर्दछ भनिएको छ। यस विपतको घडीमा राहत तथा उद्धारमा जुट्न स्थानिय सरकार, स्थानिय प्रशासन, नागरिक समाज, पार्टी पंक्ति र आम जनसमुदाय सक्षम पार्टी हार्दिक अपील गर्दछ।


बाढी पहिरोका कारण क्षति ग्रस्त भएका सबै स्थानहरुको विवरण शिघ्र संकलन गर्न तथा क्षति पुगेका स्थानहरुमा राहतको घोषणा गर्न नेपाल सरकार र गण्डकी प्रदेश सरकार समक्ष नेकपा (एमाले) गण्डकी प्रदेश जोडदार माग गर्दछ। अघिल्लो बर्ष मनाङ्ग जिल्लामा र यस बर्ष मुस्ताङ्ग जिल्लामा बाढी पहिरोले ठूलो धनजनको क्षति पुऱ्याएको घटनाले जलबायु परिवर्तनको गहिरो असर हिमाली क्षेत्रमा क्रमशः बढीरहेको स्पष्ट देखिन्छ। जलबायु परिवर्तनको असर न्यूनिकरणका कार्यक्रमहरु अगाडी बढाउन तथा विश्व समुदायलाई समेत यसका लागि अपिल गर्न नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीले नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# निर्दोषलाई दुख नदेऊ

नक्कली चिकित्सक भन्दै सक्कली चिकित्सकलाई पक्राउ गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले डाक्टर रञ्जित कुमार यादवसंग माफी मागेको छैन । मेडिकल काउन्सिलले गलत नाम दिएको आधारमा सिआबीले गरेका ब्यवहार डाक्टरको मान मर्दन गर्ने खालका छन । विना पुर्जी पक्राउ गरेर चिकित्सक, निर्वाचित जनप्रतिनिधिसंग गरेको ब्यवहार राजा ज्ञानेन्द्रको पालामा शाही आयोगले गरेजस्तै छ ।

नेपाल चिकित्सक सङ्घले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले डा रञ्जितकुमार यादवलाई पक्राउ गरी मानसिक तनाव र मानमर्दन गरी न्यूनतम मानव अधिकारको हनन गरेको भन्दै आपत्ति जनाएको छ । चिकित्सक संघले डा यादवलाई सीआईबीले गलत विवरणका आधारमा पक्राउ गरेको भन्दै विवरण उपलब्ध गराउने नेपाल मेडिकल काउन्सिलका पदाधिकारी र सीआईबीका अनुसन्धानकर्तामाथि छानबिन र कारबाहीको मागसमेत गरेको छ ।

राज्यका हरेक अंग, निकायलाई विवादमा तान्ने काम सत्तारूढ गठबन्धनले गरेको छासय दोषी छुटुन तर एकजना निर्दोष नपरुन भन्ने मान्यता छायस्ता प्रकारको त्रुटिपूर्ण अनुसन्धान प्रक्रियाको विश्वसनीयतामा समेत गम्भीर प्रश्नचिह्न खडा भएको छ । यस कार्यमा संलग्न नेपाल मेडिकल काउन्सिलका पदाधिकारी तथा सीआईबीका अनुसन्धानकर्तामाथि अविलम्ब छानबिन गरी कडाभन्दा कडा कानूनी कारबाही गर्न चिकित्सक संघले जोडदार माग गरेको छ । गहिराइमा गएर अनुसन्धान गर्नु भन्दा मिडिया ट्रायल गर्ने गरेको आरोप सिआइबीले खेपेको छाडाक्टर यादवले पक्राउ देखि प्रहरी हिरासतमा भोगेको मानसिक यातना, प्रहरीले गरेको व्यबहार सुन्दा शक्तिको दुरुपयोग गरेको ठान्नु पछ ।

नेपाल चिकित्सक संघका आजीवन सदस्य डा यादवलाई सीआईबीले चिकित्सकविरुद्ध चलाएको 'अपरेसन फोक्सट्रोट'मा गत साउन २५ गते पक्राउ गरेको थियो । सीआईबीले एसएलसी र प्लस टूको मार्कसिटमा कीर्ते गरेर नम्बर थपघट गरेर एमबीबीएस अध्ययन गरेका नक्कली चिकित्सकमाथि अनुसन्धान गर्ने क्रममा उनलाई पक्राउ गरेको थियो । 'कुनै पनि सरोकार नभएका चिकित्सकलाई नक्कली भनी पक्राउ गरेर समाजमा त्रसित वातावरणको सिर्जना गर्ने, बिरामी र चिकित्सक बीचको सम्बन्धमा कमी ल्याउने, मानवीय भावनामा गम्भीर चोट पुऱ्याउनेतथा चिकित्सकीय सेवालाई नै दूषित तुल्याउने कार्यको निन्दा गरेको छ ।

गलत सिफारिस गर्ने मेडिकल काउन्सिल र प्रहरीको सिआइबीले माफी मागेर आइन्दा यस्तै गल्ती नहुने वाचा गर्नुपर्छ । सिआइबीलाई विवादमा ल्याउने काम जस्ले गरेपनि गलत हो । निर्दोषले अनाहकमा तनाव भोग्नुपर्ने अवस्था आउन नदिन पनि माफी माग्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अझै केही दिन वर्षा हुने

**रासस**
काठमाडौं, २९ साउन

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी वर्षा अझै केही दिन जारी रहनेछ । महाशाखाका मौसमविद् रोजन लामिछानेले आज र भोलि बदली तथा वर्षा हुने बताउनुभयो ।

"आज र भोलि बदली र वर्षा हुनेछ, तथापि गत शनिबार र आइतबारको तुलनामा भने वर्षा कम हुने अनुमान गरिएको छ, सोमबार र मङ्गबारको तुलनामा आगामी बुधबार वर्षा बढी हुनेछ", उहाँले भन्नुभयो ।

अहिले सुदूरपश्चिमलगायत देशका पहाडी भूभागका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिमका पहाडी क्षेत्रका एक–दुईस्थानमाभारीवर्षाकोसमेत सम्भावना रहेको छ । रातिको समयमा कोशी र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । मङ्गलबार रातिको समयमा कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रातिको समयमा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी, मधेस र बागमती प्रदेशका एक–दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपालको नजिक) अवस्थित रहेको महाशाखाले जनाएको छ । सोही मौसमी प्रणालीको प्रभावले बदली र वर्षा गराएको हो ।

# शिवालयमा भक्तजनको घुइँचो

**रासस**
काठमाडौं, २९ साउन

सौरमास अनुसार साउनको अन्तिम सोमबार आज पशुपतिनाथलगायत देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ । विगतका सोमबारभन्दा अन्तिम सोमबार भएकाले पशुपतिसहित राजधानीका अन्य शिवालयमा भक्तजनको धेरै घुइँचो देखिएको हो ।

अन्तिम सोमबार भएकाले भक्तजनहरु बिहानैदेखि दर्शनका लागि आउने हुँदा बिहान तीन बजेदेखि पशुपतिनाथका चारै ढोका खुला गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार विशेषगरी साउने सोमबारको व्रत बसेका महिला भक्तजन आज शिवालयहरुमा दर्शनका लागि लाम लागेका छन् । पशुपति क्षेत्रमा तीज एवं महाशिवरात्रिमा जस्तै व्यवस्था गरिएको कोषले जनाएको छ । भक्तजन जुन ढोकाबाट दर्शनका लागि प्रवेश गर्छन् सोही ढोकाबाट निस्कने व्यवस्था गरिएको पराजुलीले बताउनुभयो ।

अधिकांश रातो र हरियो पहिरनमा सजिएका महिला भक्तजनमध्ये कतिपय तस्बिर खिच्न र टिकटक बनाउनकै लागि शिवालयमा आएका जस्तो देखिएको दर्शनार्थी राजेन्द्रप्रसाद श्रेष्ठले बताउनुभयो । यसवर्ष सौरमास अनुसार साउनमा पाँच सोमबार परेका छन् । साउने सोमबारको आज अन्तिम दिन भए पनि यसपछि चान्द्रमास अनुसार साउनका सोमबार बाँकी छन् । यसवर्ष साउनमा अधिकमास (मलमास) परेकाले व्रत गर्न हुने वा नहुने भन्नेमा धर्मशास्त्रीबीच मतान्तर देखिएको छ । एकथरी धर्मशास्त्रीले प्रत्येक वर्ष सौरमास अनुसार साउन महिनाको सोमबार गरिने व्रत भएकाले यो नित्यकर्ममा पर्ने तर्कसहित व्रत, उद्यापन गर्न हुने तर्क गरेका छन् । अर्काथरीले अधिकमासमा भगवान् पुरुषोत्तमको मात्र पूजा, आराधना गरिने भएकाले चान्द्रमास अनुसारको साउनमा मात्र व्रत र उद्यापन गर्नुपर्ने तर्क राखेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले उक्त विषयमा आधिकारिक निर्णय नगरिएको जनाउँदै कुल, परम्परा अनुसार नै वर्तालुले साउने सोमबारको व्रत गरेका बताएको छ ।

साउनको सोमबार आज पशुपतिनाथमा बोल बम यात्रीको पनि भीड लागेको छ । सुन्दरीजलस्थित वाग्मतीको मुहान क्षेत्रबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा चढाउन भक्तजन आइतबार साँझ नै सुन्दरिजल पुगेका थिए । ती भक्तजनले आज बिहान स्नान गरी सुन्दरीजलबाट शुद्ध जल ल्याएर पशुपतिनाथ मन्दिरमा चढाएका हुन् । बोल बम यात्रीलाई जल चढाउन पशुपतिनाथ मन्दिरमा एउटा ढोकाको व्यवस्था गरिएको संस्कृति संरक्षण महाशाखा प्रमुख पराजुलीले जानकारी दिनुभयो । पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुर स्थित सानो पशुपतिनाथ भनेर चिनिने मक्खन महादेव मन्दिरलगायत शिवालयमा पनि भक्तजनको भीड लागेको छ । यसैगरी राजधानी बाहिरका ठूलासाना शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको जनाइएको छ ।

साउनमा शिवालयमा शुद्धजलसहित पूजा, आराधना गरेमा मनोकामना पूरा हुने शास्त्रीय मान्यता छ । साउनको सोमबार पारेर पशुपतिनाथ मन्दिरमा विशेष पूजा, आराधना गर्ने भक्तजन पनि धेरै हुने कोषले जनाएको छ । कोषका अनुसार साउने सोमबारमा रू सात हजार पाँच सय बढीको मात्र विशेष पूजा गर्न सकिने व्यवस्था गरिएको छ ।


## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्कः**
**९८१५१५६३०३**


# मालेपाटनमा भाद्र २९ देखि तिज विशेष कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



पोखरा ५ मालेपाटनमा रहेको सुर्यचन्द्र विकास समाजले यस वर्षपनि तिज विशेष कार्यक्रम गर्ने भएको छ । समाजले आउँदै गरेको हरितालिका तिजका अवसरमा भाद्र २९ गतेदेखि असोज १ गतेसम्म तिज गित प्रतियोगिता र महिला खेलकुद प्रतियोगिता आयोजना गर्न लागेको हो ।

तिज विशेष कार्यक्रम अन्तरगत खुला तिज गीत प्रतियोगिता, महिलाहरुको खेल कार्यक्रम लठ्ठो तान्ने, घैटो फुटाउने, म्युजिकल चियर र अन्तर माविस्तरिय छात्रा बास्केटबल प्रतियोगिता हुने आयोजकले जनाएको छ । आयोजकका अनुसार तिज गीत प्रतियोगितामा कास्की जिल्ला भित्रका १८ टिम बिच प्रतिस्पर्धा हुनेछ । जसमा प्रथम हुने टिमले ४० हजार रुपैयाँ, दोस्रो हुनेले ३० हजार रुपैयाँ, तेस्रो हुनेले २० हजार र सान्त्वना हुने टिमले ७ हजार रुपैयाँ प्राप्त गर्नेछन् । साथै उत्कृष्ट भेषभुषा र उत्कृष्ट नृत्य विधामा पनि पुरस्कार राखिएको आयोजकले जानकारी दिएको छ । तिज गीत प्रतियोगिताका लागि जम्मा १८ टिम दर्ता गरिने र भाद्र २५ गतेसम्म दर्ता गरिसक्नुपर्ने टिम संकलन संयोजक कर्ण बहादुर भुवाजीले जानकारी दिए । त्यस्तै खेलकुदको माविस्तरिय छात्रा बास्केटबलतर्फ प्रथम हुने टिमलाई नगद रु ३० हजार, दोस्रो हुने टिमलाई २० हजार रुपैयाँ प्रदान गरिने खेदकुद संयोजक विमल श्रेष्ठले जानकारी दिए । तीज संस्कृतिको जगेर्ना गर्दै महिला दिदिबहिनीहरुको क्षमता अभिवृद्धि गराउनुका साथै खेल क्षेत्रमा प्रतिभा जन्माउन खेलकुदका कार्यक्रम पनि आयोजना गरिएको समाजका महासचिव हेमराज भण्डारीले बताए । समाजकी अध्यक्ष कमला गौतमको अध्यक्षतामा बनेको मुल समारोह आयोजक कमिटी अन्तरगत विभिन्न उपसमितिहरु निर्माण गरिएको भण्डारीले जानकारी दिए । तिज विशेष कार्यक्रमको अनुमानित खर्च ६ लाख ८० हजार रहेको र विभिन्न संघसंस्था, सामाजिक व्यक्तित्व, आमा समूह, युवा क्लब, टोलविकासहरुको सहयोगबाट कार्यक्रम सम्पन्न गरिने अध्यक्ष गौतमले बताइन् । प्रतियोगिताहरु पोखरा ५मा रहेको मालेपाटन खेल मैदानमा हुनेछ ।

# निशुल्क पशु बिमा गर्दै नमुना सहकारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ साउन

सहकारीमा आवद्ध भएका शेयर सदस्यले पालेका गाई, भैसीको निशुल्क बिमा गरिने भएको छ । वालिङ नगरपालिका स्थित अकला नमुना साना किसान कृषि सहकारी संस्थाले आफ्ना शेयर सदस्यका गाई, भैसीको निशुल्क बिमा गरिदिने भएको हो ।

सहकारीमा शेयर बनेका सदस्यहरुको आयआर्जनमा महत्वपुर्ण भुमिका खेल्दै आएको अकला नमुना सहकारीले भदौ १ गतेबाट लागु हुनेगरी निशुल्क पशु बिमा गरिदिएर थप उत्साही बनाइदिएको छ । किसानले पालेका पशुको बिमा गरिदिन सरकारी चासो नभएका बेला नमुना सहकारीले भने आफ्ना शेयर सदस्यले पालेका पशुको निशुल्क बिमा गरिदिने भएपछि किसानहरुमा उत्साह थपिएको बताइएको छ । सहकारीको साउन २० गते बसेको संचालक समितिको बैठकले किसानलाई निशुल्क पशु बिमा गरिदिने निर्णय गरेको सहकारीका अध्यक्ष पुण्यप्रसाद अर्यालले जानकारी दिए । सहकारीहरु नाफामुलक होइन सेवामुलक हुनुपर्छ भन्ने सन्देश दिन खोजेका हौं उनले भने,' अनावश्यक व्याज लिएर प्रतिस्पर्धा गर्नुभन्दा शेयर सदस्यलाई सेवा दिएर प्रतिस्पर्धा गर्नुपर्छ ।' अब सहकारीहरुलाई सेवामुलकतिर लैजानुपर्छ भन्ने हाम्रो ध्येय हो उनले भने । शेयर सदस्यले गाईभैसी पालौ, आय आर्जन बढाऔ भन्ने आशय सहकारीको रहेको अध्यक्ष अर्यालले बताए । शेयर सदस्य खुशी बनाउने हाम्रो योजना हो उनले भने,'सदस्य खुशी भए नै सहकारी राम्रेसगँ संचालन हुन्छ ।' पशुपालक किसानलाई सुरक्षित बनाउन पनि यो योजनाले मद्धत पुग्छ उनले भने ।

सहकारीले किसानको दुध खरीदमा समेत सहयोग गरेको छ । उत्पादन भएको दुधको बिक्रि गर्न बजार धाउन नपर्ने गरी सहकारी आफैले दुध डेरी उद्योग समेत संचालन गर्दै छ । जसले गर्दा किसानलाई गाईभैसी पाल्दा फाइदै फाईदा हुने देखिएको छ । घाँसको बिऊ, घाँस काट्ने मेसिन, दाना लगायतको व्यवस्थापन समेत सहकारीले गरिदिएको छ । समुहमा आवद्धता गराएर शेयर सदस्यको वचत देखी गाईभैसी किन्न बिना धितो कर्जाको समेत व्यवस्था गरिएको सहकारीले जनाएको छ । ३ सय ५० समुहमा २ हजार ८ सय ५० शेयर सदस्य यो सहकारीमा आवद्धता रहेको सहकारीका प्रवन्धक लक्ष्मी पोखेल रेग्मीले जानकारी दिइन् । यस सहकारीमा आवद्धता र समुहगत नियमित वचत गरेका किसानलाई पशु बिमा निशुल्क गरिदिने योजना ल्याएको उनले बताईन् । सहकारीले तोकेको मापदण्डमा पर्ने किसानले बिमाको लागि २ सय ५० प्रवेश शुल्क तिर्नुपर्ने प्रवन्धक रेग्मीले बताइन् । पशुको मुल्य १ लाख भएमा १ हजारका दरले निशुल्क बिमा हुनेछ उनले भनिन्,'यो सुविधा सहकारीमा आवद्ध झण्डै १७५० शेयर सदस्यले पाउछन् ।' सहकारीले यो कार्यक्रम अगाडी सारेपछि शेयर सदस्य खुशी भएका छन् उनले भनिन् । वालिङ नगरपालिकाका १४ ओटै वडा र गल्याङ नगरपालिकाका २, ३, ७, ८ वडाहरु यो सहकारीको कार्यक्षेत्र रहेको छ । गएको आर्थिक बर्षमा सहकारीले १९ लाख मुनाफा समेत गरेको छ ।

१ करोड २७ लाख ८६ हजार शेयर पुँजी रहेको सहकारीले ३ करोड ४८ लाख १६ हजार निक्षेप संकलन गरेको छ । अन्य वित्तिय क्षेत्रबाट २ करोड ऋण सापटी लिएर ६ करोड ६९ लाख १४ हजार लगानी गरेको जनाएको छ । किसानमुखी बनेर काम गरेको सहकारीले गाईभैसी मात्रै नभएर बाख्रा, कुखुरा पाल्न र तरकारीका लागि बिना धितो कर्जा दिएर आयआर्जनमा राम्रै भुमिका खेलेको छ ।

# कालीगण्डकी उर्लेपछि शालिग्राम शिला डुबानमा

**पोखरापत्र संवाददाता**
पर्वत, २९ साउन

केही दिनदेखि निरन्तर परेको वर्षाका कारण विश्वकै ठूलो शालिग्राम शिला डुबानमा परेको छ । पर्वत, स्याङ्जा र गुल्मीको संगमस्थलमा पर्ने पर्वतको विहादी गाउँपालिका–६ सेतीवेणीमा रहेको उक्त शालिग्राम शिला डुवानमा परेको हो ।

कालीगण्डकीमा पानीको सतह उच्च विन्दुमा पुगेपछि शिला पूर्णरुपमा डुवानमा परेको स्थानीय तिलक पराजुलीले बताउनुभयो । उहाँका अनुसार शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत विस्थापित भएका छन् । प्रवित्र मानिने शालिग्राम शिला र शालिग्राम क्षेत्रका सत्तललगायत संरचना डुवाएको बताउँदै पराजुलीले शिला संरक्षणका लागि बनाइएको तटबन्ध र ग्याबियनसमेत पुरिएपछि शिला दर्शन गर्न जाने सबै पूर्वाधारमा पूर्णरुपमा क्षति पुगेको जानकारी दिनुभयो । मुस्ताङको कागवेनीमा ठूलो क्षति पुऱ्याएको कालीगण्डकी आइतबार रातिदेखि यसवर्षकै उच्च बहाबमा बगेको स्थानीयवासीले बताएका छन् । कतिबेला घरसम्मै आएर डुवाउने हो भन्ने चिन्ताले आइतबार रातभर जाग्राम बसेको स्थानीय रवि भट्टराईले बताउनुभयो । कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सिमानामा पर्ने सेतीवेणी बजार डुबानको खतरामा पर्ने गरेको उहाँको भनाइ थियो । कालीगण्डकी र सेतीखोलाको बहाब बढेर डुबानमा पर्ने चिन्ताले पर्वत र स्याङ्जातर्फका बजार क्षेत्रका झण्डै दुई सय व्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् ।

चौध वर्षअघि कालीगण्डकी र सेतीखोला उर्लेर आउँदा तीन दर्जन घरपरिवार विस्थापित बनेका थिए । विसं २०६६ असोज २१ मा बजार क्षेत्र डुबानमा परेको घटनाले सधैँभर त्रास थप्ने गरेको स्थानीय व्यवसायी विष्णु न्यौपानेले बताउनुभयो । उहाँले विश्वकै ठुलो शालिग्राम शिला डुबे पनि पानी बजारसम्म आइनसकेको जानकारी दिनुभयो । अहिले पानीको बहाब उच्च बढेको इलाका प्रहरी कार्यालय हुवासले जनाएको छ । बजार क्षेत्रसँगै जोडिएको मन्दिरको सत्तल मुनिको सिँढीसम्म बहाब आइपुगे पनि बजारवासीलाई भने खतरा नभएको प्रहरीले जनाएको छ ।

# कागबेनी बाढी : स्थानीय भन्दछन्, 'ज्यान त बच्यो, हेर्दा हेर्दै घरबारविहीन भयौँ'

**सन्तोष गौतम / रासस**
म्याग्दी, २९ साउन

मुस्ताङको बारागुङ मुक्ति क्षेत्र गाउँपालिका-४ कागबेनीमा रहेको जनशान्ति माविका शिक्षक मनविर किसान आइतबार राति ८ बजे खाना खाने तयारी गर्दै हुनुहन्थ्यो ।

कालीगण्डकी र कागखोलाको दोभान नजिकैको विद्यालयको छात्रावासमा बस्ने शिक्षक, विद्यार्थी र स्थानीयवासीको बाढी आएको सूचना पाएपछि भागदौड भएको थियो । "खाना खाने तयारी गर्दै थियौँ । बाढी आएको थाहा पाएपछि ज्यान बचाउन पकाएको खाना छाडेर अन्यत्र गएर बस्यौँ", उहाँले भन्नुभयो, "यहाँका बूढापाका हिजो र अस्ती अहिलेसम्मकै ठूलो बर्सात भएको अनुभव सुनाउँछन् ।"

कागखोलाको सहायक तिरिखोला पहिरोले थुनिएर आएको बाढी प्रसिद्ध तीर्थस्थल र पर्यटकीयस्थल कागबेनीको बस्तीमा पसेर बितण्डा मच्चाएको हो । मुक्तिनाथबाट सुरु हुने कागखोला कागबेनीमा आएर कालीगण्डकीमा मिसिन्छ । कागबेनीकी कल्पना मगर बाढी आएको पूर्वसूचना पाएर भागेर ज्यान बचाउन सफल भए पनि घरवासविहीन हुनुपरेकोमा दुखित हुनुभएको छ । "कागबेनीमा सबैको ज्यान बचेकोमा सुखी मान्नुपर्छ", उहाँले भन्नुभयो "ज्यान त बच्यो तर हाम्रो घरवास केही रहेन ।" गाउँपालिकाको केन्द्रसमेत रहेको कागबेनीमा बाढी पसेर भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बाढीले खोलाको छेउछाउमा रहेको २० भन्दा बढी घर/होटल बाढीले भत्काएको बताउनुभयो ।

"कागबेनीका धेरैजसो घरभित्र बाढी पसेको छ । क्षतिको



विवरण सङ्कलन भइरहेको छ", उहाँले भन्नुभयो "रातभर विस्थापितको व्यवस्थानमा लाग्यौ । बिहानदेखि क्षतिको विवरण सङ्कलन र थप क्षति हुन नदिन बाढी नियन्त्रणको काम भइरहेको छ ।" कागबेनीको प्रहरी चौकीमा बाढीले क्षति पुऱ्याएपछि सुरक्षाकर्मीलाई गाउँपालिकाको कार्यालयमा राखिएको छ । प्रहरी चौकीका हतियार र सामग्री भने सुरक्षित रहेका छन् । कागबेनीको बीच भाग भएर कागखोला बग्छ । बस्तीभित्र कागखोला वारपार गर्न बनाइएका तीन वटा मान्छे हिँड्ने पक्की पुल बाढीले बगाएको छ । जोमसोम-कोरला सडकअन्तर्गत कागबेनीमा निर्माणको अन्तिम चरणमा रहेको मोटरेबल पुल बगाएको छ । पुलको सल्याब बाढीले बगाएर केही तल पुऱ्याएको छ । पुलसँग जोड्ने पहुँचमार्ग बगाएको छ । कागबेनी हुँदै उपल्लो मुस्ताङ जाने सडक अवरुद्ध बनाएको छ । लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको सदरमुकाम जोमसोमसँग यातायात सम्पर्कविच्छेद भएको हो । विद्युत्का पोल पनि बाढीले बगाएकाले विद्युत् सुविधा अवरुद्ध भएको छ । पार्किङ गरेर राखेका गाडी पनि बाढीले बगाएको र पुरिएको बताइएको छ । कागबेनीमा हिन्दूले पितृलाई तर्पण दिने ठाउँ बगाएको छ । भक्तजनले आवासका रुपमा प्रयोग गर्ने तीर्थयात्री निवासमा बाढी पसेको छ । नदी कटान नियन्त्रण गर्न बनाइएको पक्की संरचना र ग्याबियन पर्खाल बाढीले बगाएको छ । कागबेनीभन्दा माथिको तिरिखोला थुनिएर बाढी आएको सूचना पाएपछि घर खाली गराएकाले मानवीय क्षति हुनबाट जोगिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो । बस्तीभित्र बाढी पसेर हिलाम्मे बनेको छ । जोमसोमबाट गएको नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली उद्धारमा खटिएका छन् । पाण्डा खोलाको बाढीले सुरक्षाकर्मीलाई जोमसोम देखि कागबेनी पुग्न समस्या भएको छ । प्रमुख जिल्ला अधिकारी अनुप केसीले कागबेनीमा विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसिरहेको बताउनुभयो । क्षतिको विवरण सङ्कलन, थप क्षति हुन नदिन गर्नुपर्ने काम, अवरुद्ध सडक, विद्युत् सुविधा आपूर्ति गराउने विषयमा बैठकमा छलफल भइरहेको उहाँले बताउनुभयो ।

दुई दिनदेखि मुस्ताङमा लगातार पानी परिरहेको छ । स्थानीयवासीका अनुसार यसअघिको वर्ष मुस्ताङमा यसपालिजस्तो धेरै र ठूलो वर्षा भएको थिएन् । बर्सातका कारण मुस्ताङका अन्य खोलामा पनि बाढीको सतह बढेको छ । मुस्ताङको जोमसोम विमानस्थलस्थित मौसम मापन केन्द्र पछिल्लो २४ घण्टामा २५ दशमलव आठ मिलिमिटर वर्षा मापन गरिएको छ ।

मुस्ताङको बाढीका कारण म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिका भएर बग्ने कालीगण्डकी नदीमा बाढीको सतह बढेको छ । जल तथा मौसम विज्ञान विभागले सोमबार बिहान म्याग्दीको कालीपुलमा कालीगण्डकीमा बाढीको सतह चार दशमलव ३१ मिटर पुगेको जनाएको छ ।

कालीगण्डकी पर्वत, बागलुङ, स्याङ्जा, गुल्मी, पाल्पा हुँदै देवघाटमा पुगेर त्रिवेणी नदीमा मिसिने नदी हो । भारी बर्सातका कारण कालीगण्डकी र सहायक नदीमा बाढी आएकाले म्याग्दीका तटीय क्षेत्रमा सतर्कता अपनाइएको प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले जानकारी दिनुभयो ।

"तटीय क्षेत्रमा प्रहरी खटाएर अनुगमन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "म्याग्दीमा क्षति गरिसकेको छैन । जोखिमयुक्त ठाउँमा सतर्कता अपनाउन र नदी किनारमा नजान अनुरोध गरेका छौँ ।" अन्नपूर्ण गाउँपालिका-४ कोप्नेपानीको पाखोबाट कालीगण्डकीमा पहिरो खसेको छ । पानीको सतह बढ्दो क्रममा रहेकाले सम्भावित खतरालाई मध्यनजर गरेर जिल्लाका सबै सुरक्षा संयन्त्रलाई तयारीमा अवस्थामा राखिएको प्रजिअ पौडेलले बताउनुभयो । म्याग्दीको रघुगङ्गा गाउँपालिका २ र ३ को सिमानामा पर्ने अधेरीखोलामा पहिरोका कारण मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक एक हप्तायता अवरुद्ध छ ।

हवाई र सडक मार्गबाट सम्पर्क टुटेको मुस्ताङको जनजीवन प्रभावित बनेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताउनुभयो । मुस्ताङमा पेट्रोल डिजेललगायत इन्धनको अभाव हुन थालेको विषयमा प्रदेश र सङ्घीय सरकारसँग ध्यानाकर्षण गराएको उहाँले बताउनुभयो ।



शिबलिङ्गमा गाईको दुध र बेलपत्र अर्पण गर्दै भक्तजनः केदारेश्वर मन्दिर पोखरामा शिबलिङ्गमा गाईको दुध र बेलपत्र अर्पण गर्दै भक्तजन । तस्बिरः पोखरापत्र

# मर्मतपछि ९० लघु जलविद्युत् आयोजनाको उत्पादन नियमित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

गण्डकी प्रदेश सरकारले पछिल्ला पाँच वर्षमा ९० लघु जलविद्यत् आयोजनाको मर्मतसम्भार गरेको छ ।

जीर्ण आयोजना मर्मत गरिएपछि तीन हजार दुई सय ९५ किलोवाट बिजुली उत्पादन नियमित भएको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ ।

ती आयोजनाबाट १५ हजार चार सय ४० घरधुरी लाभान्वित भएको मन्त्रालयको ऊर्जा शाखाका इ जीवन श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार प्रदेशमा झण्डै चार सय लघु जलविद्युत् आयोजना छन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत तीन सय ७१ र बाँकी अरु संस्थाले निर्माण गरेका आयोजना छन् । सौर्य ऊर्जा र लघु जलविद्युत्बाट प्रदेशको तीन दशमलव ८२ प्रतिशत जनसङ्ख्यामा बिजुली पुगेको छ ।

प्रदेश सरकारले आफ्नै लगानीमा मनाङको नासो गाउँपालिकामा ३० किलोवाटको भीमताङ लघु जलविद्युत् आयोजना निर्माण गरिरहेको इ श्रेष्ठले जानकारी दिनुभयो । ९८ किलोवाटको स्याङ्जाको पुतपुते खोला लघु जलविद्युत् आयोजनाको बिजुली पनि गत वर्ष राष्ट्रिय प्रसारण लाइनमा जोडिएको मन्त्रालयले जनाएको छ । राष्ट्रिय प्रसारण लाइन विस्तार भएपछि बागलुङलगायत जिल्लाका केही लघु जलविद्युत् आयोजना बन्द भएका छन् । केही मर्मतसम्भारको पर्खाइमा छन् । ती आयोजनाको बिजुलीलाई मिनिग्रिड बनाएर राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना पनि अलपत्र परेको छ । राष्ट्रिय प्रसारण लाइन र नवीकरणकीय ऊर्जामार्फत गरी प्रदेशका ९९ दशमलव ५० प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको इ श्रेष्ठले बताउनुभयो । प्रदेश सरकारले चालु आवभित्रैमा 'उज्यालो गण्डकी प्रदेश' घोषणाको तयारी अघि बढाएको छ । बाँकी रहेका शून्य दशमलव पाँच प्रतिशत घरधुरीमा बिजुली पुऱ्याउने कार्य भइरहेको जनाइएको छ । पछिल्लो आर्थिक सर्वेक्षण अनुसार दुई हजार आठ सय ८४ घरधुरीमा मात्र विद्युत् नपुगेको देखिएको इ श्रेष्ठले बताउनुभयो ।

बागलुङ, तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुऱ्याउन बाँकी रहेको मन्त्रालयले जनाएको छ । ऊर्जा शाखाका अनुसार पाँच लाख ७४ हजार सात सय ९८ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । जसमध्ये राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघु जलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ । राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी र गोरखाका सात स्थानीय तहका एक हजार दुई सय पाँच घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा जडान गरिएको मन्त्रालयले जनाएको छ । संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कूल एक सय ६२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ ।

# 'क्वार्ज किष्टल' गोरखा दरबार परिसरमा प्रतिस्थापन गर्ने निर्णय

**रासस**
गोरखा, २९ साउन

गोरखा नगरपालिका-७, सतिपीपलस्थित एक घरबाट बरामद गरिएको टल्कने ढुङ्गा ' क्वार्ज किष्टल' गोरखा दरबार परिसरमा भगवती शिलाका रुपमा प्रतिस्थापन गर्ने निर्णय भएको छ ।

अलौलिक शिलालाई बरामद गरिएको घरका परिवारले परापूर्वकालदेखि कूल देवता मानेर पूजा गर्दै आएको र गोर्खाली जनताले पनि यसलाई शक्तिको प्रतिकका रुपमा लिएकाले जिल्ला बाहिर नपठाउने निर्णय भएको नगरपालिकाकी उपप्रमुख मसली माया थोकरले जानकारी दिनुभयो ।

गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरसहित जनप्रतिनिधि तथा जिल्लाभित्रका १७ वटाभन्दा बढी सङ्घसंस्था, घरधनी र बुद्धिजीवीको आइतबार सर्वपक्षीय बैठक बसेर क्वार्ज किष्टललाई गोरखा दरबार परिसरभित्रै सुरक्षितसाथ भगवती शिलाका रुपमा विधिपूर्वक प्रतिस्थापन गर्ने निर्णय गरेको थियो । 'औलौकिक शिला मन्दिरमा राखिएपछि यसले जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनलाई समेत थप आकर्षण गराउँछ", उपप्रमुख थोकरले भन्नुभयो, "गोरखाली जनताले पनि यसलाई शक्तिको प्रतिकका रुपमा लिएकाले बाहिर लैजान नहुने भन्दै सर्वपक्षीय बैठकले दरबार परिसरमै प्रतिस्थापन गर्ने निर्णय गरेको हो ।" बरामद गरिएको क्वार्ज किष्टल कहाँ राख्ने भन्ने विषयमा चर्चा चलिरहेका बेला गोर्खाली जनताको चाहाना र भावनाअनुसार नै दरबार परिसरमा राख्न स्थानीय सरकारसहित सरोकारवाला सहमत भएको उहाँले बताउनुभयो । "खानी तथा भूगर्भ विभागमा राखे पनि पनि राज्यकै हुने र गोरखा दरबारमा राखे पनि पनि राज्यकै सम्पत्तिको हुने हो", उपप्रमुख थोकरले भन्नुभयो, "राज्यले नै सुरक्षा दिएर राख्ने भएकाले क्वार्ज किष्टललाई जिल्ला बाहिर पठाउन नहुनेमा गोरखास्थित सङ्घसंस्था, बुद्धिजीवी, घरधनी, नागरिक समाजका अगुवाको पनि चाहना थियो ।" आफ्नो घरबाट बरामद गरिएको उक्त क्वार्ज क्रिष्टललाई गोरखकाली मन्दिर परिसर भित्रै नै राख्नुपर्ने र समयसमयमा आफूहरुले पूजा गर्न पाउनुपर्ने घर धनीले पनि इच्छा व्यक्त गरेको उहाँले बताउनुभयो ।

सर्वपक्षीय बैठकमा औलोकिक शिला गोरखामा नै राख्ने निर्णय गरेपछि नगरपालिकाले आवश्यक प्रक्रियाका लागि नेपाल सरकार, प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, भूगर्भ विभाग र पुरातत्व विभागमा पत्राचार गर्ने निर्णयसमेत गरिएको थियो । त्यस्तै जिल्ला प्रशासन कार्यालय, गोरखा, जिल्ला प्रहरी कार्यालयलाई समेत बैठकले गरेको निर्णय तत्काल जानकारी गराउन आवश्यक निर्देशन दिइएको उपप्रमुख थोकरले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयको आग्रहमा प्रहरी कार्यालयमा विशेष सुरक्षाका साथ राखिएको टल्कने ढुङ्गाको अध्ययन गर्न गत सोमबार आएको खानी तथा भूगर्भ विभागका भूगर्भविद्को टोलीले उक्त ढुङ्गा 'क्वार्ज किष्टल' नै भएको पुष्टि गर्दै विभागमा पठाउन प्रशासनलाई सुझाव दिएको थियो ।

भूगर्भविद्को टोलीले दुई दिन लगाएर उक्त परीक्षण गरेको थियो । विभागको टोलीले खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५ को उपदफा १ अनुसार खनिज कार्य गर्ने अनुमति नलिइ उत्खनन् तथा सङ्कलन गरिएकाले उक्त पत्थर विभागलाई उपलब्ध गराई सहयोग गर्न पत्रमार्फत आग्रह गरेको थियो । परीक्षणबाट उक्त ढुङ्गा महत्वपूर्ण र बहुमूल्य पत्थर भएको र संसारभरका धातुलाई कडापनका आधारमा १० भागमा वर्गीकरण गर्ने गरिएकामा बरामद गरिएको ढुङ्गा सातौँ नम्बरमा पर्ने भूगर्भविद्ले जानकारी गराएका थिए । उक्त ढुङ्गा ५२ किलो तीन सय ३० ग्राम रहेको रहेको छ । गएको असार १४ गते प्रहरीले उक्त टल्कने ढुङ्गा सतिपीपलस्थित स्थानीयवासी राममाया शाहीको घरबाट बरामद गरेको थियो ।

# एसिया कप क्रिकेटका लागि नेपाली टोलीको घोषणा

**पोखरापत्र संवाददाता**
मनाङ, २९ साउन

नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिया कप क्रिकेट प्रतियोगिताका लागि रोहित पौडेलको कप्तानीमा १७ सदस्यीय टोली घोषणा गरेको छ । आगामी भदौ १३ देखि ३१ गतेसम्म पाकिस्तान र श्रीलङ्कामा आयोजना हुने उक्त प्रतियोगिताका लागि क्यानले आज नेपाली टोलीको घोषणा गरेको हो ।

छनोट हुने नेपाली टोलीमा कप्तान पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी र प्रतिश जिसी रहेका छन् । त्यसैगरी किशोर महत्तो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल छानिएका छन् । पहिलो पटक एसिया कपमा सहभागिता जनाउन लागेको नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा भारत र पाकिस्तान छन् । त्यस्तै समूह बीमा श्रीलङ्का बङ्गलादेश र अफगानिस्तान रहेका छन् । नेपालले आफ्नो समूहको पहिलो खेल पाकिस्तानमा खेल्नेछ भने दोस्रो खेल श्रीलङ्कामा खेल्नेछ । नेपालले र पाकिस्तानबीचको पहिलो खेल आगामी भदौ १४ गते हुनेछ । त्यस्तै नेपालले आफ्नो दोस्रो खेल भारतसँग खेल्नेछ । नेपाल र भारत बीचको खेल भने श्रीलङ्कामा हुनेछ । उक्त खेल भदौ १८ गते हुनेछ ।

# बरामद सुन ६० किलो सात सय ८९ ग्राम

**रासस**
काठमाडौं, २९ साउन

मोटरसाइकलको 'ब्रेक शु'भित्र लुकाएर ल्याइएको सुनको मात्रा ६० किलो सात सय ८९ ग्राम फेला परेको छ ।

ब्रेक शुबाट निकालेर जोख्दा ६० किलो सात सय ८९ ग्राम तौल रहेको र त्यसमा केही कालो पदार्थसमेत मिसिएकाले यो प्रारम्भिक तौल मात्रै भएको नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाका प्रमुख थानेश्वर आचार्यले बताउनुभयो । उहाँका अनुसार भोलि बिहान १०:३० बजेदेखि भने गाल्ने काम सुरु हुनेछ । त्यसपछि आर्थिक परीक्षणको काम थालिने पनि उहाँले बताउनुभयो । महाशाखा प्रमुख आचार्यले एक दिन सुन गाल्न लाग्ने र त्यसपछि आर्थिक परीक्षणको काम कम्तीमा तीन दिन लाग्ने बताउनुभयो । उहाँले सबै सरोकारवाला प्रतिनिधिहरूको रोहवरमा गाल्ने प्रक्रिया सुरु भएको बताउनुभयो । राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामङ्गलस्थित भन्सार कार्यालय अगाडिबाट सुनसहितको एक सय ५५ किलो 'ब्रेक शु' बरामद गरेको थियो । त्यसपछि उक्त सुनसहितको ' ब्रेक शु' टक्सार महाशाखामा राखिएको थियो । उन्नाइस दिनपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा सुन प्रकरणको अनुसन्धानको काम राजस्व अनुसन्धान विभागले प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई दिइएको थियो ।

# सडक अवरुद्ध हुँदा सामान आपूर्तिमा समस्या

**पोखरापत्र संवाददाता**
मनाङ, २९ साउन

मनाङ आउने एकमात्र सडक अवरुद्ध हुँदा सवारी खसाधन आवतजावत तथा सामान आपूर्तिमा समस्या भएको छ ।

यहाँको आवतजावत पूर्णरुपमा ठप्प हुँदा मनाङ आउने पर्यटक, मार्गदर्शक (गाइड), कर्मचारी बीच बाटोमै अलपत्र परेका छन् । डुम्रे-बैँशीसहर-चामे सडक खण्डअन्तर्गत लमजुङको बैँशीसहर नगरपालिका-६ खरखरेस्थित सडकको ट्र्याक भासिएपछि पर्यटक, कर्मचारी तथा मार्गदर्शकबीच बाटोमा नै रोकिनुपरेको छ । कामको सिलसिलामा तल झरेका कर्मचारीले औषधिलगायतका अत्यावश्यक सामग्री लिएर मनाङ आउन नसकेको जिल्ला अस्पतालका प्रमुख रहमत अन्सारीले बताउनुभयो । उहाँका अनसार शुक्रबार साँझ बैँशीसहर आइपुगेको र शनिबार बिहानै मनाङ हिँड्ने योजना रहेकामा वर्षाका कारण सडक अवरुद्ध हुँदा अलपत्र परेका छन् । उहाँले भन्नुभयो, "औषधीसहित म कार्यक्षेत्रमा फर्किनुपर्ने हो, तर आधा बाटोमै अलपत्र परेको छु, कार्यक्षेत्रमा पुगिसक्नुपर्ने हो, पहिरो कट्नै सकिने अवस्था छैन, कहिलेसम्मबीचमै रोकिने हो थाहा छैन ।" कृषि ज्ञान केन्द्र मनाङका प्रमुख राजेश्वर सिलवालले कार्यालयको कामले प्रदेश मन्त्रालयमा आएकामा फर्किँदै गर्दा पहिरोले बाटोमै रोकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको योजनालगायत मनाङको कृषि क्षेत्रमा देखिएको समस्याको विषयमा छलफल तथा समाधानका लागि आएकामा फर्किँदै गर्दा वर्षाले बाटोमै बास भएको छ, सडक कहिले खुल्छ भनेर सोध्दै बाटो खुल्ला र हिँडौला भएको छ ।" मार्गदर्शक हरिचन राईले पहिराको सास्ती भोग्दै पर्यटकसँगै बैँशीसहर आइपेगको बताउनुभयो । उहौँ भन्नुभयो, "मनाङको नारफु हुँदै काङ्ला पास गरी मनाङबाट बैँशीसहर फर्किँदा पहिरामा ज्यानको बाजी लगाएर जोखिम पार गरियो, आफू मात्रै भए अलि सहज हुन्थ्यो, पर्यटकलाई पनि बचाएर पार गराउन मुस्किल भयो, बल्लतल्ल बचियो ।" याम सरु हुने बेलामा प्रतिकूल मौसमले मनाङ आउने पर्यटक अहिले दोधारमा परेका उहाँले बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) का प्रमुख लेखनाथ गौतमले जोखिमकै बेलामा पनि दैनिक १४/१५ जनासम्म पर्यटक आउने गरेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आउने बाटोमा समस्या भए पनि आइसकेका केही पर्यटक थोराङ्ला पासतर्फ गएका छन्, आजै मात्र मनाङबाट १४ पर्यटक थोराङ्लापासतर्फ गएका छन् ।" डुम्रे-बेशीसहर-चामे सडक आयोजना कार्यालयका सब इञ्जीनीयर सुमन अधिकारीले सडक सञ्जालबाट विच्छेद भएको विकट क्षेत्र मनाङ प्रवेश गर्ने मार्गको मर्मतकार्य भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पानी परिरहेको छ, तर पनि काम गरिरहेका छौँ, सकेसम्म आज साँझसम्म सडक खुलाउने प्रयास गरिरहेका छौँ ।"